नेपाल सरकार
गृह मन्त्रालय
जिल्ला प्रशासन कार्यालय
मंगलसेन,अछाम

☎०९७-६२०१३३
☎०९७-६२०३२७
☎०९७-६२०१३७
०९३-६२०१३३
email:daoachham11@gmail.com
web:daoachham.moha.gov.np

प.सं.२०७६।०७७

च.नं.

## सुचिकृत हुने सम्बन्धमा

सार्वजनिक खरिद ऐन, २०६३ को दफा ६(क) तथा सार्वजनिक खरिद नियमावली, २०६४ को नियम १८ अनुसार सार्वजनिक निकायबाट सोही ऐन बमोजिम हुने खरिद कार्यको लागी सम्बन्धित कार्यालयको त्यस्तो खरिदको प्रकृति अनुसार आपुर्तिकर्ता, निर्माण व्यवशायी, परामर्शदाता वा सेवा प्रदायकको छुट्टाछुट्टै सुचि तयार गर्नुपर्ने व्यवस्था बमोजिम आ.व. २०७६।७७ का लागि मौजुदा सुचिमा दर्ता हुन ईच्छूक योग्य फर्म, संघ/ संस्था वा व्यक्तिहरुलाई आफुले सुचिकृत हुन चाहेको कामको प्रकृति स्पष्ट रुपमा खौंली यस कार्यालयमा आवेदन गर्नुहुन यो सुचना प्रकाशित गरिएको छ ।

१. आवेदनका साथ निम्नानुसारका कागजातहरुका प्रतिलिपिहरु एक/एक प्रति संलग्न रहेको हुनुपर्नेछ ।
   क) आफ्नो फर्म दर्ता वा सम्बन्धित व्यवसाय वा सेवा गर्न प्राप्त नविकरण भएको ईजाजपत्र,
   ख) मुल्य अभिवृद्धि करमा दर्ता भएको प्रमाणपत्र वा स्थायी लेखा नम्बर दर्ता प्रमाणपत्र,
   ग) प्रचलित कानुन बमोजिम बुझाउनु पर्ने आ.व. २०७४।७५ सम्मको कर चुक्ता गरेको प्रमाणपत्र,
   घ) व्यक्तिको हकमा नागरीकताको प्रमाणपत्रको प्रतिलिपि र व्यक्तिगत स्थायी लेखा नम्बर प्रमाणपत्रको प्रतिलिपि,
   ङ) सुचिकृत हुन चाहेको समुहको कार्य सम्पादन गर्न योग्य र सक्षम रहेको व्यहोरा खुल्ने कागजात वा प्रमाणपत्र,

२. आवेदनमा कुनै सार्वजनिक निकायसगँ सम्झौता भएबमोजिम सम्पादन गर्न जिम्मा लिएको काम अधुरो छोडी वा कुनै सार्वजनिक निकायमा तिर्न बुझाउन बाँकि, कर, दस्तुर तथा दायित्व बाँकि नभएको एंव प्रचलित कानुन बमोजिम त्यस्तो काम गर्न प्रतिबन्ध नलागेको वा कालो सुचिमा नपरेको भनी घोषणा आवेदकले गरेको हुनुपर्दछ ।

प्रमुख जिल्ला अधिकारी

नेपाल सरकार
गृह मन्त्रालय
# जिल्ला प्रशासन कार्यालय

०९७-६२०१३३
०९७-६२०३२७
०९७-६२०१३७
०९३-६२०१३३
email:daoachham11@gmail.com
web:daoachham.moha.gov.np
मंगलसेन,अछाम

प.सं.२०७६।०७७

च.नं.

३. यस बमोजिम सुचिकृत हुदैमा कुनै फर्म संघ/संस्था वा व्यक्ति कुनै सार्वजनिक निकायले सार्वजनिक खरिद ऐन वा नियमावली बमोजिम तोकेको योग्यता पुर नगरि खरिद सम्बन्धि कार्यमा सहभागी हुन सक्ने छैन । मौजुदा सुचिमा सुचिकृत भएकाहरु मध्ये कार्यालयले आफ्नो आवश्यकता अनुसार खरिद कार्यमा सहभागी गराउन सक्नेछ ।

४. सुचिकृत भएको फर्म संघ/ संस्था वा व्यक्तिले यस कार्यालयको खरिद सम्बन्धि कार्यमा सहभागी भएमा प्रचलित कानुनबमोजिम कर विजक जारी गर्नुपर्नेछ ।

५. यस सुचनामा नपरेका अन्य कुराहरुका हकमा सार्वजनिक खरिद ऐन तथा नियमावली र प्रचलित आर्थिक प्रशासन सम्बन्धि कानुन बमोजिम हुनेछ ।

नेपाल सरकार गृह मन्त्रालय जिल्ला प्रशासन कार्यालय मंगलसेन, अछाम

प्रमुख जिल्ला अधिकारी

visit Nepal 2020